# शोध-प्रबन्धको सार

**स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अध्ययन** शीर्षकको प्रस्तुत शोध प्रबन्धमा स्वातन्त्र्योत्तर दार्जिलिङका लिखित, मञ्चित अनि प्रकाशित एघारवटा नेपाली नाटकलाई समाज-राजनैतिक चेतनाको अध्ययनअन्तर्गत विश्लेषण गरिएको छ। यस अध्यायमा पूर्ववर्ती पाँचवटा अध्यायमा गरिएका चर्चा, विवेचना र विश्लेषणात्मक कार्यको सारांश प्रस्तुत गरेर शोध कार्यको मुख्य प्राप्ति र स्थापनालाई निष्कर्षका रूपमा राखिने काम गरिएको छ।

प्रस्तुत शोध प्रबन्धको पहिलो अध्याय **शोधको परिचय** शीर्षक रहेको छ। अध्यायमा शोध प्रबन्धको शीर्षक, शोधको समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध प्रबन्धको औचित्य, शोध प्रबन्धको क्षेत्र र सीमा, शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा वा विश्लेषण विधि, शोध प्रबन्धको सङ्गठन र भावी शोधकर्तालाई सुझाउ रहेको छ ।

यस शोध प्रबन्धको दोस्रो अध्यायको शीर्षक **समाज, राजनीति र साहित्यको पारस्परिक सम्बन्धको विवेचना** रहेको छ। यस अध्यायभित्र (क) समाज र राजनीतिको सम्बन्ध, समाज र साहित्यको सम्बन्ध, राजनीति र साहित्यको सम्बन्ध, 'समाज-राजनैतिक चेतना' पदावलीको अर्थ एवम् व्याख्या (ख) साहित्यमा समाज-राजनैतिक चेतनाको स्वरूपअन्तर्गत साहित्यभित्र समाज, साहित्यभित्र सत्ता अनि साहित्यकारको स्थिति, साहित्य अनि पाठकका सम्बन्धको विश्लेषण अनि (ग) स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकभित्र समाज-राजनैतिक चेतनाको स्वरूप राखिएको छ। यसअन्तर्गत समाज-राजनैतिक चेतनाका अध्ययनका आधारका रूपमा (१) वर्ग चेतना, (२) जातीयता, (३) लैङ्गिकता, (४) धार्मिकता, (५) प्रादेशिकता, (६) भाषा, (७) मानव अधिकार, (८) मानव सम्बन्ध, (९) दलित सन्दर्भ, (१०) देशभक्ति, (११) राजनैतिक सहभागिता, (१२) व्यवस्थाप्रति चिन्ता, (१३) सत्ता-मोह र (१४) सामाजिक व्यवस्था-लाई मानिएको छ। शोधअन्तर्गत विवेचना गरिएका सम्पूर्ण नाटकहरूका विश्लेषण उल्लिखित यिनै आधारहरूका आलोकमा गरिएका छन्। अध्यायका अन्तमा निष्कर्ष राखिएको छ।

यस शोध प्रबन्धको तेस्रो अध्यायको शीर्षक **भारतीय नेपाली नाट्य साहित्यको सर्वेक्षण** राखिएको छ। यस अध्यायभित्र भारतीय नेपाली नाटकको परम्पराअन्तर्गत नेपालीभाषी समुदायका मूल स्थलहरू - दार्जिलिङको नेपाली नाटक परम्परा, पूर्वाञ्चल क्षेत्रको नेपाली नाटक परम्परा, डुवर्सको नेपाली नाटक परम्परा,

सिक्किमको नेपाली नाटक परम्परा अनि अन्य क्षेत्रको नेपाली नाटक परम्परा राखिएको छ। यस शोध अध्यायको अर्को उप-शीर्षकहरू स्वतन्त्रतापूर्व दार्जिलिङका नेपाली नाटक : प्रवृत्ति एवम् उपलब्धि र स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटक : प्रवृत्ति एवम् उपलब्धि राखिएको छ। यस उप-शीर्षकअन्तर्गत भारतीय नेपाली नाटकको सर्वेक्षण स्वतन्त्रतापूर्व काल र स्वातन्त्र्योत्तर कालमा देखिएका विभिन्न प्रवृत्ति अनि उपलब्धिबारे चर्चा गरिएको छ। स्वातन्त्र्योत्तर कालका नाटकहरूलाई सन् १९४७ देखि सन् १९५९ सम्म, सन् १९६० देखि सन् १९८६ सम्म र सन् १९८७ देखि यस शोध प्रबन्धको थालनी कालसम्मका विविध कालखण्डमा राखेर यहाँ चर्चा गरिएको छ। यसपछि स्वतन्त्रतापूर्व अनि स्वातन्त्र्योत्तर कालका नाट्य उपलब्धिबारे चर्चा गरिएको छ। अध्यायका अन्तमा निष्कर्ष राखिएको छ।

यस शोध प्रबन्धको चौथो अध्यायको शीर्षक **स्वातन्त्र्योत्तर दार्जिलिङका प्रमुख नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको विश्लेषण** राखिएको छ। शोध प्रबन्धको यस अध्यायभित्र स्वातन्त्र्योत्तर दार्जिलिङका प्रमुख नेपाली नाटकलाई समाज-राजनैतिक चेतनाअन्तर्गत विश्लेषण गरिएको छ। स्वातन्त्र्योत्तर कालदेखि यताका लिखित, मञ्चित अनि प्रकाशित जम्मा एघारवटा नाटकहरूलाई यसभित्र समावेश गरिएको छ। सम्बन्धित ती नाटकहरू हुन् (१) तुलसीबहादुर छेत्री 'अपतन' को **जमाना बद्लियो** (सन् १९५७ ), (२) मनबहादुर मुखियाको **फेरि इतिहास दोहोरिन्छ** (सन् १९७५), (३) पी. अर्जुनको **हाँस्दै जल्नुपर्छ** (सन् १९८२), (४) पूर्ण गुरुङ 'निरुपम' को **बन्दकी राखिएको सिंदूर** (सन् १९८७ ), (५) सी.के. श्रेष्ठको **हाम्रो लभ स्टोरी** (सन् १९८८), (६) जस योञ्जन 'प्यासी' को **नयाँ सूर्यको प्रतीक्षामा** (सन् १९९२), (७) शरद छेत्रीको **खुब नाच्यो कठ्पुतली** (सन् १९९३), (८) नन्द हाङ्गखिमको **युद्धहरू** (सन् १९९३), (९) राजु प्रधान 'हिमांशु' को **प्रतिभा रोएको शहर** (सन् २०१८), (१०) किरण ठकुरीको **अमर आत्मा** (सन् २०१८) र (११) मोहन- पुकारको **मखुन्डो** (सन् २०१८) रहेका छन्। यस खण्डअन्तर्गत प्रत्येक नाटककारको परिचय, नाटकका कथासार अनि समाज-राजनैतिक चेतनाका दृष्टिले ती नाटकहरूको विश्लेषण गरिएको छ। अध्यायका अन्तमा निष्कर्ष राखिएको छ।

यस शोध प्रबन्धको पाँचौँ अध्यायको शीर्षक **समाज-राजनैतिक चेतना प्रयोगका दृष्टिले स्वातन्त्र्योत्तर दार्जिलिङका प्रमुख नेपाली नाटक र नाटककारको मूल्याङ्कन** रहेको छ। यस अध्यायभित्र-विवेच्य नाटकहरूका वस्तुपक्ष, विवेच्य नाटकहरूका शिल्पपक्ष, समाज-राजनैतिक चेतनापरक नाट्य लेखनमा विवेच्य नाटककारहरूको भूमिका अनि अन्तमा निष्कर्ष राखिएको छ। यस खण्डमा एघारवटा नाटकका वस्तुपक्ष,

शिल्पपक्ष अनि समाज-राजनैतिक चेतानापरक नाट्य लेखनमा एघारजना नाटककारका भूमिकाबारे चर्चा गरिएको छ। यस अध्यायका अन्तमा निष्कर्ष राखिएको छ।

यस शोध प्रबन्धको छैटौँ अध्यायको शीर्षक **उपसंहार एवम् निष्कर्ष** राखिएको छ। यस अध्यायमा प्रस्तुत शोध प्रबन्धको साररूप र प्राप्ति राखिएको छ साथै भावी शोधका सम्भावनालाई पनि देखाइएको छ। शोध प्रबन्धको अन्तमा प्रयुक्त सामग्रीलाई पहिलो भागमा परिशिष्ट अनि दोस्रो भागमा सन्दर्भ सामग्री सूची बनाएर वर्णानुक्रमअनुसार राखिएको छ। यसमा नेपाली, हिन्दी, अङ्ग्रेजी आदि भाषाका पुस्तक, पत्र-पत्रिका; प्रकाशित/अप्रकाशित शोधपत्र/शोध प्रबन्ध आदिका विवरण वर्णानुक्रमअनुसार राखिएका छन्।